जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः ११, अंकः २५९ पृष्ठः ४ | २०८१ माघ २९ गते मंगलबार (Tuesday 11 Feb. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सिरहाको देवीदह संरक्षण गर्न आर्थिक अभाव



सिरहा, २८ माघ। सिरहाको लहान नगरपालिका–१७ मा रहेको देवीदह संरक्षणको अभावमा कुरुप बन्दै गएको छ। पर्यटकीय स्थलसमेत रहेको यस क्षेत्रमा बजेट अभावमा पोखरीको वरिपरिका भौतिक संरचना जीर्ण बन्दै गएको हो। पूर्व–पश्चिम राजमार्गमा पर्ने लहान बजारबाट ६ किलोमिटर उत्तरतर्फ चुरेका फेदमा रहेको यस दहको उचित संरक्षण गर्न सकिएमा आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्ने निश्चित छ। तर देवीदह सामुदायिक वन भित्र पर्ने छ हेक्टर क्षेत्रफलमा फैलिएका यस सिमसार क्षेत्रको संरक्षण र संवर्द्धनका लागि निरन्तर पहल गरेतापनि उल्लेख्य प्रगति हुन नसकेको वन उपभोक्ता समुह तथा देवीदह संरक्षण समितिका अध्यक्ष कपिलेश्वर यादव बताए।

## पूर्वाधार बिकासको काम तीब्र गतिमा अगाडी बढ्दै

**जीबछ चौधरी**

लहान, २७ माघ। गोलबजार नगरपालिकामा पुर्बाधार बिकासको काम तीब्र गतिमा अगाडी बढी रहेको छ। आर्थिक बर्ष २०८१/ ०८२ को पुर्बाधार बिकास कार्यक्रम अन्तर्गत बिकासका आयोजनाहरु धमाधम निर्माण हुन थालेका हुन्। बिहिबार मेयर श्याम श्रेष्ठले वडा नंम्बर ८ र ३ मा तीन वटा परियोजना एकै पटक शिलान्यास गरेको छ। गोलबजार नगर पालिका वडा न.८ भाइजीटोल मा १२७ मिटर आरसीसी ढलान वडा नंम्बर ३ मा राधाकृष्ण मन्दिर र सामुदायिक भवनको शिलान्यास गरेको हो। सडकको मेयर श्याम श्रेष्ण र देब नरायन महतोले बिहिबार शिलान्यास गरेको थियो। सिरहाको गोलबजार नगरपालिका–३ जम्दहमा निर्माण हुन लागेको राधा–कृष्ण मन्दिर सामुदायिक भवनको पनि मेयर श्याम श्रेष्ठले शिलान्यास गरेको छ। नगरस्तरीय



योजना अन्तर्गत निर्माण हुन लागेको यो भवनको शिलान्यास गोलबजार नगरपालिकाका नगरप्रमुख श्याम कुमार श्रेष्ठले गरेको हो।

शिलान्यास समारोहमा बोल्दै नगर प्रमुख श्रेष्ठले सामुदायिक भवनले स्थानीय समाजलाई एकीकृत गर्दै धार्मिक तथा सांस्कृतिक गतिविधिहरूलाई प्रवर्द्धन गर्ने विश्वास व्यक्त गरे। सामुदायिक भवन निर्माणका लागि नगरपालिकाबाट१५ लाख रुपैयाँ विनियोजन गरिएको छ। कार्यालय कोठा र एउटा सभा हल रहने उल्लेख गर्दै, यसले धार्मिक तथा सामाजिक कार्यहरू सञ्चालन गर्न मद्दत पुग्ने विश्वास व्यक्त गरे। सामुदायिक भवन निर्माण हुने भएपछि स्थानीयबासीहरू उत्साहित भएका छन्। उनीहरूले मन्दिर क्षेत्रमा भौतिक संरचना निर्माण हुनु सकारात्मक कदम भएको बताएका छन्। स्थानीय प्रल्हाद बुढाथोकीले स्थानीय जनताका चाहना धार्मिक क्षेत्र परिसरमा सामुदायिक भवन भइदिए धार्मिक तथा अन्य सामाजिक कार्यका लागि सहज हुने थियो भन्ने थियो भनने नागरिकको चाहानालाई कदर गरेर नगर प्रमुखले परियोजना संन्चालन गरिदिनु भयो यसबाट हामी आभारी छौ उनले भने।

## गोलबजारमा एलआईपी डब्लु र वडा स्तरीय योजनाहरूको अनुगमन



गोलबजार, २८ माघ। गोलबजार नगरपालिका–१० मा एलआईपी डब्लु (LIPW) तथा वडा स्तरीय योजनाहरूको अनुगमन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हिरालाल पुरीले गरेका छन्। अनुगमनका क्रममा उनले स्थानीय सरकारले सञ्चालन गरेका विकास योजनाहरू पारदर्शी र प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिए। पुरीले समुदायका सदस्यहरू, स्थानीय समिति तथा सरोकारवालाहरूलाई

**–बाँकी तीन पेजमा**

## सरकारी गाडीमै भारत किनमेल गर्न जान्छन् जनप्रतिनिधि र कर्मचारी

सिरहा, २८ माघ। सरकारी सवारी साधन कार्यालय प्रयोजनबाहेक अन्य कामका लागि प्रयोग गर्न नपाइने कानुनी प्रावधान छ। तर, जिल्लामा सरकारी सवारी साधनको चरम दुरुपयोग रोकिएको छैन। सरकारी कर्मचारी र जनप्रतिनिधिले जिल्लाभित्र निजी प्रयोजनमा सरकारी सवारी साधन लिने त सामान्य नै भइहाल्यो, छिमेकी मुलुक भारतीय बजारमा पनि घरेलु किनमेलका लागि सरकारी सवारी साधनमै आउजाउ गरेको भेटिन थालेका छन्। माघ १५ मा प्रदेश २–०२–००१ भ १६८ नम्बरको सरकारी नम्बर प्लेटको चारपांग्रे सरकारी गाडी भारतीय बजार जयनगरमा देखियो। यो गाडी सिरहाको नवराजपुर गाउँपालिकाको हो।




गाउँपालिकाका अध्यक्ष शिवउदगार यादव र प्रमुख प्रशासकीय अधिकृत सरोजकुमार सिंहले यो गाडी चढ्ने गरेका छन्। सरकारी गाडी भारतीय बजारसम्म किन पुग्यो भन्ने विषयमा बुझ्न खोज्दा अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत दुवै जना पन्छिन खोजे। गाउँपालिकाका सूचना अधिकारी जितेन्द्र नायक भने गाडी जयनगर के कामका लागि गएको थियो भन्ने कुरा आफूलाई जानकारी नभएको बताउँछन्। 'कानुनअनुसार त सरकारी गाडी लिएर अर्को मुलुकमा जान मिल्दैन,' उनले भने, 'त्यस दिन उक्त गाडी किन र कसले लिएर गएको थियो भन्ने कुरा मलाई थाह भएन।' यस्तै, सोही दिन प्रदेश २–०१–००१ भ ००३३ नम्बरको

**–बाँकी तीन पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

**एमपक्स संक्रमणबाट बचौं र बचाऔं**

- विदेशबाट आउने जो कोहिमा एमपक्सको सम्भावित जोखिम हुने हुनाले अनिवार्य रुपमा स्वास्थ्य परीक्षण गराऔं,
- ज्वरो आउने, टाउको दुख्ने, शरिर सुन्निने, ढाड दुख्ने मांसपेशी दुख्ने एमपक्स रोगका प्रमुख लक्षण हुन्,
- त्यस्ता लक्षण देखा परे स्वास्थ्य परीक्षण गराऔं,
- एमपक्स अत्यन्तै सङ्क्रामक रोग भएकाले सङ्क्रमण हुनासाथ आइसोलेसनमा बसौं,
- घना वस्ती र सहरी क्षेत्रमा यसको सङ्क्रमण छिटो वढ्ने भएकाले सचेतना बढाऊँ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## बर्खामा सडक बन्द हुन नदिने तयारी अहिल्यै गर

यसो त नेपालका सबैजसो सडकमा यात्रा गर्नु डरलाग्दो नै हुन्छ। विशेषगरी पहाडी सडकहरू भूबनोट र इन्जिनियरिङसमेतका कारण बढी जोखिमपूर्ण छन्। तैपनि सरकारले तिनलाई सुरक्षित र सुविधाजनक बनाउन भने प्राथमकिता दिएको देखिँदैन। जथाभावी बनाइएका 'डोजरे सडक' त 'नरकयात्र' कै पर्याय छन् बर्सौं पुराना पक्की सडकहरूको अवस्था पनि अहिले दयनीय देखिन्छ। सडकको स्तरोन्नतिका नाममा थालिएको विस्तार कार्य सम्पन्न नभएका समेत कारणले अहिले सबैजसो मुख्य र महत्त्वपूर्ण सडकहरूको बिजोग भएको छ। पूर्वपश्चिम राजमार्गका विभिन्न भागहरू विशेषगरी बुटवल–नारायणगढ खण्ड बर्सौंदेखि अलपत्र छ। सडक भत्काउने काम जति तीव्र गतिमा सकियो बनाउन थालेपछि गति उत्तिकै धिमा भयो। अब त बेलायतको सहयोगमा बनेको यो सडक खण्ड कुनै बेला पक्की थियो भन्ने पनि यात्रुले थाहा पाउँदैनन्।

काठमाडौं–पोखरा राजमार्गका विभिन्न खण्डहरू स्तरोन्नतिका नाममा भत्काएर यात्रुलाई सास्ती दिन थालिएको पनि एक दशक पुग्ने बेला भयो। स्वदेशीमात्र होइन विदेशी पर्यटकको पनि रोजाइमा पर्ने पोखरा पुग्न प्रयोग गरिने सडकको अवस्थाले यात्रुहरू दिक्क हुन्छन्। अरनिको राजमार्ग भुइँचालोपछि बिग्रेको अझै राम्ररी सञ्चालन हुनसकेको छैन। गत वर्षामा आएको बाढीपहिरोका कारण भत्केको बीपी राजमार्गको पुनर्निमाणका लागि सरकारले अझै स्रोत त परै जाओस् विधिसम्म तय गर्न सकेको छैन। कहिल्यै सम्पन्न नहुने कर्णाली राजमार्ग, मध्यपहाडी राजमार्गका विभिन्न खण्डहरू, काठमाडौं–रसुवागढी, पोखरा–जोमसोमलगायत कुनै पनि सडकमा ढुक्क भएर यात्रा गर्न सकिने अवस्था छैन। सरकार भने धमाधम सडक सञ्जाल विस्तारमा लागेको लाग्यै छ। नलागोस् पनि किन पूरा गर्नुपर्छ भन्ने छैन क्यारे !

सडक पूर्वाधारको कमजोर अवस्थाका कारण यात्रुले पाउने सास्ती, दुर्घटनाबाट हुने मानवीय क्षति, पर्यटन उद्योगमा पर्ने प्रतिकूल प्रभावको मूल्य निर्धारण गर्ने हो भने बर्सेनि खबौंको नोक्सानी भइरहेको देखिनेछ। विडम्बना, सरकारले त ध्यान दिएन नै संसद्मा समेत सडकहरूको दुर्दशाको खासै चर्चा भएको पाइँदैन। भौगोलिक र प्राकृतिक कारणले हुने क्षति रोक्न नसकिएला तर व्यवस्थापन एवं नियमन चुस्त बनाउन सके धेरै हदसम्म सडक जोगाउन सकिन्छ। सडक वा पुलको भारवहन क्षमताभन्दा बढी बोझ लिएर गुड्ने गाडीदेखि एकातिर सडकै भासिनेगरी बोझ बोक्ने टिपरहरूसम्मको बोझ नियन्त्रण गर्न त नियामक निकायले ध्यान दिएमात्रै पनि पुग्छ। हिउँदमा त जसोतसो यात्रुहरू २०० किलोमिटरको यात्रा १० घन्टा लगाएर पनि गर्छन् तर बर्खामा त सडक बन्दैसमेत हुनपुग्छ। राजधानी आउनेजाने सबैतिरका सडकहरूलाई यसरी बन्द हुने जोखिममा रहन दिनु त रणनीतिक दृष्टिले पनि मूर्खता हो। यसैले तत्काल सम्पन्न गर्न नसक्ने भएकाले सबै सडकहरू बर्खामा पनि सहजरूपमा सञ्चालन गर्न तत्काल योजना बनाएर बजेटको व्यवस्था गर्नु बुद्धिमानी हुनेछ।

## उपभोक्ता अदालत २ चैतदेखि कार्यान्वयनमा

काठमाडौं, २८ माघ। सरकारले गठन गरेको उपभोक्ता अदालत कार्यान्वयन आगामी २ चैतदेखि हुने भएको छ। कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले राजपत्रमा सूचना प्रकाशित गर्दै विश्व उपभोक्ता अधिकार दिवस ( १५ मार्च) का दिनबाट यस्तो अदालत सञ्चालन गर्ने जानकारी गराएको हो। माघ तेस्रो साता सरकारले काठमाडौं उपत्यका मुकाम रहने गरी काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला क्षेत्राधिकार रहने गरी उपभोक्ता अदालत गठन गर्ने निर्णय गरेको थियो। उपभोक्ता संरक्षण ऐन २०७५ अन्तर्गतका कसुरसँग सम्बन्धित कारबाही र किनारा गर्ने क्षेत्राधिकार उपभोक्ता अदालतले पाएको छ। अब उक्त ऐन कार्यान्वयन समेत सुरुवात भएको छ।




# सार्वजनिक निकायमा स्वदेशी वस्तु प्रयोग हुँदा उत्पादन क्षमता र रोजगारी बढ्छ

जितेन्द्र बस्नेत

सरकारले सार्वजनिक निकायमा स्वदेशी वस्तु प्रयोगसम्बन्धी निर्देशिका ल्याएको छ। यो निर्देशिकाले विशेषगरी सार्वजनिक निकायहरुमा स्वदेशी वस्तुको प्रयोगलाई बढाउने सम्बन्धमा मार्गदर्शन दिएको छ। सार्वजनिक निकायमा स्वदेशी वस्तु प्रयोग गर्ने सम्बन्धी निर्देशिका, २०७१ सालमा पनि जारी भएको थियो। तर त्यो निर्देशिका प्रभावकारी ढङ्गले कार्यान्वयनमा जान सकेन। नयाँ निर्देशिका अनुसार विदेशबाट आयात गरिएका वस्तुभन्दा स्वदेशी वस्तुको मूल्य १५ प्रतिशतसम्म बढी छ भने पनि स्वदेशी उत्पादनलाई नै प्राथमिकता राखेर खरिद गर्नुपर्छ भनिएको छ। साथै स्वदेशी वस्तुमा ३० प्रतिशतसम्म मूल्य अभिवृद्धि भएको विदेशी कच्चा पदार्थमा आधारित भए पनि नेपालमा उत्पादन भएको छ भने त्यसलाई पनि स्वदेशी वस्तु नै मानिने भनिएको छ।

**सार्वजनिक निकायमा प्रयोग गर्न सकिने स्वदेशी उत्पादनहरु :**

**(क)स्टेशनरी, कार्यालय सामान, छपाइसम्बन्धी वस्तु वा सामग्री**

(१) नेपाली हातेकागज तथा कागजबाट निर्मित वस्तु वा सामग्री,
(२) ब्राउन पेपर, पेन्सिल, डट्पेन, नेपाली खाम, नोटबुक, रजिस्टर, टिस्युपेपर, डायरी, कापी, चक, बोर्ड मार्कर, फाइल, फाइल बाँध्ने कपडा, तुनालगायतका वस्तु वा सामग्री,
(३) विभिन्न गोष्ठी, सेमिनार, कार्यक्रममा आवश्यक पर्ने वस्तु (ब्याग, दोसल्ला, सल, जस्ता सामाग्री),
(४) रेनकोट।

**(ख)तयारी पोशाकसँग सम्बन्धित वस्तु र कोसेली तथा उपहार सामग्री**

(१) अल्लो, केतकी, बाँस, केराको रेसालगायत अन्य प्राकृतिक रेसा आदि जस्ता स्थानीय कच्चापदार्थबाट निर्मित कपडा,
(२) ऊनीबाट निर्मित विभिन्न प्रकारका वस्तु वा सामग्री,
(३) ढाका तथा ढाकाजन्य सामानन्न
(४) पस्मिनाका उत्पादन,
(५) जुटबाट निर्मित सामानन्न
(६) सार्वजनिक निकायका कर्मचारी तथा पदाधिकारीलाई तोकिएको पोशाक तथा टोपी, जुत्ता, पेटी लगायतका सामान,
(७) सभा वा सम्मेलनमा प्रयोग हुने झोला, ब्याग, व्याच तथा अन्य सामान,
(८) परम्परागत हस्तकला, काष्ठकला, मूर्तिकला, चित्रकला तथा प्रस्तरका वस्तु वा सामग्री,
(९) गुडिया, खेलौना, पुतली जस्ता सामान,
(१०) छालाबाट तयार गरिएका सामान।

**(ग) फर्निचर, फर्निसिङ, सरसफाइ, फ्लोरिकल्चर तथा साजसज्जाका वस्तु वा सामग्री**

(१) काठबाट निर्मित फर्निचर, प्लाइउड, बेत तथा बाँसबाट निर्मित सामान, अम्रिसो तथा निगालोबाट तयार भएका सामान,
(२) गलैंचा, कार्पेट (बुनेको वा नबुनेको), तौलिया, तन्ना, पर्दा, मेट्रेस, इपीइ रोल, पटेर, फोम, सिरानी लगायत अन्य फर्निसिङका सामान,
(३) टेबुलपोस वा म्याट, गमला, टी–म्याट, मैनबत्ती, अगरबत्ती, दुना टपरी लगायतका अन्य साजसज्जा तथा प्रयोगका सामान,

**(घ)मेसिनरी, औजार तथा उपकरण**

(१) ट्रान्सफरमर (६३ एमभीएसम्म),
(२) लघु तथा साना जलविद्युत् आयोजना (२ मेगावाटसम्म) को लागि आवश्यक पर्ने वस्तु वा सामग्री,
(३) कपर वा आल्मुनियम बाइण्डिङ वायर
(४) कम्प्युटर सफ्टवेयर,
(५) सुक्खा ब्याट्री,
(६) कृषि कार्यमा प्रयोग हुने मेसिन तथा उपकरण,
(७) एसीएसआर, एएसी आल्मुनियम कन्डक्टर र १ दशमलव १ केभिसम्मको केबल,
(८) पिएससी र एसटीपी पोल,
(९) हेलमेट।

**(ङ) निर्माण सामग्री**

(१) सिमेन्ट, छड, ईंटा,
(२) रङरोगनका वस्तु वा सामग्री
(३) एएसी ब्लक (हलुका आधुनिक इँटा),
(४) झ्याल ढोकामा प्रयोग हुने अल्मुनियम प्रोफाइल, अल्मुनियमका झ्याल तथा ढोका,
(५) प्रिफ्याब वालप्यानल,
(६) रोजिन तथा तारपिन तेल,
(७) काठबाट तयार भएका वस्तु वा सामग्री।

**(च) कृषि तथा पशुजन्य उत्पादन र खाद्य तथा पेय पदार्थ**

(१) दूध वा दूधजन्य विभिन्न पदार्थ
(२) अण्डा, माछामासु र मासुजन्य पदार्थ,
(३) प्रशोधित तेल, वनस्पती, घ्यू लगायतका पदार्थ,
(४) चिया, कफी, अलैंची, अदुवा, मसलाजन्य वस्तु,
(५) सबै प्रकारका फलफूल र फलफूलबाट तयार भएका खाद्य तथा जुस लगायतका पेय पदार्थ,
(६) मिनरल वाटर, प्रशोधित पिउने पानी (बोतल वा जार) लगायत हल्का पेय पदार्थ,
(७) सार्वजनिक निकाय, सार्वजनिक विद्यालय, सार्वजनिक सामुदायिक अस्पताल, वृद्धाश्रम, बालगृह, सुधारगृह तथा कारागारमा प्रयोग हुने सातु, पिठो, लिटे, बिस्कुट, विशेष गुणयुक्त बिस्कुट, मह,
(छ) जडीबुटीजन्य वस्तु।
(ज) प्लाष्टिकका प्याकेजिङ फिल्म तथा सिट ( दूध, घ्यू, आदि प्याक गर्न प्रयोग हुने)।

**नेपाली उत्पादन चिन्नका लागि पोर्टल निर्माण**

बजारमा लाखौं प्रकारका सामग्रीहरु हुन्छन्। ती सबै सामान उल्लेख गर्न नसकिने भएर केही सामग्री मात्रै निर्देशिकामा उल्लेख गरेका छौं। यसको अर्को कुरा भनेको कसरी नेपाली उत्पादन चिन्ने ?, कहाँ हरेर थाहा पाउने ? भन्ने अर्को समस्या छ। यो समस्यालाई समाधान गर्न वाणिज्य विभागले एउटा विद्युतीय पोर्टल बनाउँदै छ। खरिदकर्ता र सार्वजनिक नियकाहरुले पोर्टलको सहायताबाट आफूलाई चाहिएको नेपाली सामग्री खरिद गर्नुपर्ने व्यवस्था गरिएको छ। साथै पहिले नै तोकिएका नियकाले वस्तुको उत्पत्तिको प्रमाण पत्र जारी गर्नुपर्छ भनेर निर्देशिकामा हामीले त्यसको ढाँचा राखेका छौं। स्वेदेशी वस्तुको माग उच्च भयो र आपूर्तिको समस्या आयो भने आवश्यकता अनुसार बजारमा आपूर्तिको व्यवस्थापन निजी क्षेत्रले मिलाउनपर्ने हुन्छ। यसमा सहजीकरण गर्ने विषयमा निजी क्षेत्रसँग छलफलसमेत भएको छ। यसमा व्यवसायीले गुणस्तर, मूल्य सूनिश्चित, विश्वसनीय र विश्वासयोग्य हुनुपर्ने भनिएको छ। साथै निर्देशिका कार्यान्वयन गर्नका लागि उद्योग सचिवको संयोजकत्वमा सबै क्षेत्रका निकाय सम्मिलित निर्देशक समितिको पनि व्यवस्था गरिएको छ। यसैअनुसार प्रदेश र पालिकामा पनि समिति बनेका छन्।

**निर्देशिका कार्यान्वयन गर्न सबै तहमा पत्राचार**

सार्वजनकि निकायहरुले वस्तु खरिद गर्दा स्वदेशी वस्तुको खरिद गरेका छन् कि छैनन् भनेर लेखा व्यवस्थापनसँग सम्बन्धित विषयलाई पनि निगरानी गर्न आन्तरिक परीक्षण र अन्तिम लेखा परीक्षणसँग पनि जोड्न खोजिएको छ। अबदेखि आन्तरिक लेखा परीक्षण गर्दा यी विषयलाई पनि हेर्नुपर्ने हुन्छ। नेपालमा विदेशी विकास साझेदारहरुले सञ्चालन गरेका आयोजना पनि छन्। यसमा विदेशी विकास साझेदारसँगको जे सम्झौता गरिएको छ, त्यहीअनुसार हुने भनिएको छ। सम्झौताभन्दा विपरित हुने भएकाले उनीहरुलाई नेपाली उत्पादन प्रयोग गर्न बाध्यकारी बनाइएको छैन। सार्वजनिक निकायमा स्वदेशी वस्तु प्रयोग गर्ने सम्बन्धी निर्देशिका मन्त्रिपरिषदबाट स्वीकृत भएर गएको पुस २९ गते नेपाल राजपत्रमा प्रकाशन पनि भइसकेको छ।

नेपाल राजपत्रमा प्रकाशित भएको मितिदेखि यो निर्देशिका लागू भएको हो। लागू भइसकेपछि सार्वजनिक निकायका संघीयस्तरका मन्त्रालयहरुसँग उद्योग मन्त्रालयले अन्तरक्रिया पनि गरिसकेको छ। यस्तै सातवटै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिष्दको कार्यालयमा परिपत्र गर्नका लागि लेखिसकेका छौं। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत पालिकास्तरमा पनि यो निर्देशिकाको सर्कुलर भएको छ। अहिले उद्योग मन्त्रालयले विशेष प्राथमिकतामा राखेर यो निर्देशिका कार्यान्वयमा लागिरहेको छ। सार्वजनिक निकायमा स्वदेशी वस्तु प्रयोगसम्बन्धी निर्देशिकाको मुख्य उद्देश्य भनेको स्वदेशी उत्पादन उपयोग, उपभोग, खपत बढाएर आयात प्रतिस्थापन गर्ने, रोजगारी सिर्जनामा पनि टेवा पुऱ्याउने, उत्पादन, उत्पादकत्व र अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान बढाउने भन्ने छ। विदेशबाट आयात गरिएका वस्तु १५ प्रतिशतभन्दा बढी मूल्य पर्छ भने बाध्यकारी भएन। तर १५ प्रतिशत भित्रको लागि नेपाली उत्पादन नै लिनुपर्छ। यसमा कानुनी व्यवस्था भइसकेको छ। यसले सरकारी खर्च बढ्छ या बढ्दैनभन्दा पनि अर्थतन्त्रलाई चलायमान गराएर जाने र राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ बनाउने विषयसँग जोडिएको छ। हामीले सधै बाहिरको वस्तु प्रयोग गर्ने तर आफ्नो वस्तुलाई वास्ता नगर्ने परिपाटीलाई सुधारेर जान सकिन्छ। अहिले ठूलो संख्यामा युवाहरु विदेश पलायन भइरहेको र रोजगारी सिर्जना नभएको स्थिति छ। नेपालमा स्वदेशी उत्पादनको वृद्धि हुने बित्तिकै धेरै रोजगारी सिर्जना हुन्छ र युवाहरुको श्रम शक्तिलाई उपयोगमा ल्याउन सकिन्छ। हाम्रो सामाजिकीकरणसँग जोडिएको लागत र १५ प्रतिशत हेर्दा सामाजिकीकरणको लागत बढी हुन आउँछ भन्ने ढङ्कबाट सरकारले हेरेको छ।

**स्वदेशी वस्तु प्रयोग गर्ने सार्वजनिक निकायलाई पुरस्कार**

निर्देशिका भनेको ऐन नभएर निर्देशनात्मक आदेश हो। कारबाहीको विषयमा छुट्टै ऐन बनाएर दण्ड सजायको व्यवस्थापन गर्नुपर्ने हुन्छ। यो निर्देशका भएको हुँदा यसमा कारबाही उल्लेख गरिएको छैन। तर हामीले कारबाहीको रूपमा सार्वजनिक खरिद गर्दा स्वदेशी वस्तुलाई कमजोर पारेर अरू वस्तु किनेको रहेछ भने लेखा सुपरिवेक्षण गर्दा हेरिन्छ। आन्तरिक बेरुजु उठाउन सकिने भनेर पनि निर्देशिकामा उल्लेख गरिएको छ। अन्तिम लेखा परिक्षणले पनि सार्वजनिक निकायले खरिद गरेका सामानको जानकारी राख्ने र बेरुजु कायम गर्ने भन्ने विषय राखिएको हुँदा ख्याल गर्नुपर्ने भएको छ। कुनै सार्वजनिक निकायले स्वदेशी वस्तुलाई खरिद गर्न महत्त्व दिएर काम गरेको छ र खरिद प्रक्रिया निर्देशिका अनुसार गरेको छ भने संघ, प्रदेश र पालिकास्तरमा प्रोत्साहन स्वरुप पुरस्कृत गर्ने कार्यक्रम पनि निर्देशिकामा समावेश गरिएको छ।

**निर्देशिकाका फाइदा**

सार्वजनिक निकायमा स्वदेशी वस्तु प्रयोगसम्बन्धी निर्देशिका लागू भएपछि स्वदेशी अथवा स्थानीय कच्चा पदार्थको खपत वृद्धि हुन्छ। किनभने धेरै वस्तुका कच्चा पदार्थ नेपालमै उत्पादन हुन्छन्। ती कच्चा पदार्थ अहिले हामीले धेरै मात्रामा विदेशमा निर्यात गरिरहेका छौं। उत्पादनको अभिवृद्धि हुने बित्तिकै यसको तयारी वस्तु नेपालमै खपत हुन्छ। अहिले कच्चा पदार्थ निर्यात मात्र गरिहने र उत्पादन नगर्ने सिलसिला बढेर गएको छ। त्यसमा सुधार हुन्छ भन्ने सरकारको विश्वास छ। उद्योगधन्दा र कलकारखाना बढ्ने बित्तिकै रोजगारी सिर्जना हुनुका साथै राजश्वको दायरा पनि बिस्तार हुन्छ।

यस्तै युवामा उद्यमशिलता पनि विकास हुन्छ। अहिले काम नभएर सामाजिक सञ्जालमा समय कटाइरहेका युवा उद्यममा संलग्न हुन सक्ने भए। हाम्रो निर्यात र आयातको दरार फराकिलो छ। यस्तै वैदेशिक रोजगारीमा गएका युवाले पठाएको विप्रेषणको पैसा ९५ प्रतिशतसम्म उपभोगमा खर्च भइरहेको हुन्छ। ती उपभोग गर्ने वस्तु हामीले आयात गरिरहेका छौं। यसो हुँदा हाम्रा युवाहरुले विदेशमा गएर कमाएको पैसा सामान किन्ने नाममा घुमेर फेरि विदेशमा नै गइरहेको छ। त्यसैले निर्देशिका लागू गर्न सके नेपालको व्यापार घाटालाई कम गर्न र सोधानान्तर स्थितिलाई पनि सुदृढ बनाउन मद्दत पुग्छ। स्वदेशी वस्तुको उपभोग गर्ने संस्कृति भनेको राष्ट्रियतासँग पनि जोडिने भएकाले निर्देशिकाको महत्त्व छ। उद्योग मन्त्रालय, नेपाल सरकार र सबै नागरिक मिलेर यो निर्देशिकाको कार्यान्वयनलाई जोड दिनुपर्छ। साथै आमसञ्चारका माध्यामले पनि यसको प्रवर्द्धनमा सहयोग गर्नुपर्छ। निजी क्षेत्रले पनि प्राथमिकतामा राखेर आफ्ना उत्पादनहरु

–बाँकी दुई पेजमा

## सरकारी गाडीमै ...

सरकारी स्कोर्पियो पनि जयनगरमै भेटियो। यो गाडी डिभिजन वन कार्यालय, सप्तरीको हो। यो गाडी सप्तरीका डीएफओ सुभाषचन्द्र दास चढ्छन्।

डीएफओ दास त्यसदिन आफैं जयनगर गएको स्वीकार गर्छन्। सरकारी गाडी लिएर अर्को मुलुकमा किन जानुभएको थियो? भन्ने प्रश्नमा उनले यस विषयलाई धेरै ठूलो नबनाइदिन अनुरोधसमेत गरे। उनले भने, 'यस्ता स–साना कुराहरुलाई तपाईंहरु कति नोट गर्नुहुन्छ? यसलाई नलेख्नुहोस्, कुरा बुझ्नुहोस्।' यी दुई घटना त उदाहरण मात्र हुन्। त्यस्तो कुनै दिन हुँदैन, जहाँ सीमावर्ती जिल्ला सिरहा, सप्तरी, धनुषालगायतका जिल्लाका सरकारी कर्मचारी र जनप्रतिनिधिहरु सरकारी सवारी साधन लिएर भारतीय बजार जयनगर पुगेका हुँदैनन्। जयनगर बजार प्रवेश गर्ने मुख्य गेटमै किराना पसल गर्ने जयनगरका धमेन्द्र जयसवालका अनुसार दैनिक १५ वटाभन्दा बढी चारपांग्रे सरकारी गाडी जयनगर आउजाउ गरिरहन्छन्। यसका अलावा मोटरसाइकलको त गणना नै नरहेको उनको भनाइ छ।

'यहाँ एक दिनमें चार चक्केवाला कम्तीमें १५ सरकारी गाडी आता रहता है, पर्व त्योहारके वक्त ठेगान ही नहीं होता,' उनले कान्तिपुरसँग भने, 'सरकारी मोटरसाइकलका तो कोई गणना ही नहीं हैं, आता–जाता रहता है।' यस्ता सरकारी सवारी साधनमा हुने खर्च पनि सरकारी स्रोतबाटै हुन्छ। राज्यको खर्चमा आफ्नो काम निकाल्न पाइने भएकाले पनि सरकारी सवारी साधनको यस्तो दुरुपयोग भइरहेको सिरहाका अरविन्द यादव बताउँछन्। 'यो प्रवृत्ति निकै डरलाग्दो छ। जनताले सामान्य सुविधासमेत नपाइरहेका बेला कर्मचारी र जनप्रतिनिधि भने सरकारी सवारी निजी जसरी प्रयोग गरेर जनताको करको दुरुपयोग गरिरहेका छन्,' उनले भने।

**सीमामा छैन रोकटोक**

भारत प्रवेश गर्नुअघि सीमा क्षेत्रमा ठाउँ–ठाउँमा सुरक्षाकर्मी हुन्छन्। तर, उनीहरुले सरकारी सवारी साधनलाई रोक्न सक्दैनन्। आफूहरुले रोक्न खोजे पनि त्यस्तो गाडीमा 'ठूला मान्छे' हुने भएकाले केही गर्न नसकेको ड्युटीमा खटिने सुरक्षाकर्मी बताउँछन्। 'हामीले कहिलेकाँहि त्यस्ता गाडीलाई रोक्न खोज्छौं नि, तर त्यस्ता गाडीमा ठूला मान्छे नै हुन्छन्,' सिरहाको नाका माडरमा सीमामा खटिएका एक सुरक्षाकर्मीले नाम उल्लेख नगरिदिन आग्रह गर्दै भने, 'गाडी रोक्दा उनीहरुले हामीलाई थर्काउँछन्, हाकिमबाट छाड्न आदेश गराउँछन्।' तर, सिरहाका प्रमुख जिल्ला अधिकारी बासुदेव दाहाल भने यस्ता विषय आफ्नो जानकारीमा नै नरहेको बताउँछन्। 'अहिलेसम्म यस्ता विषय मेरो जानकारीमा आएका छैनन्,' उनले कान्तिपुरसँग भने, 'आएपछि म बुझ्छु।'

यसरी सरकारी गाडी देश बाहिर लान नमिल्ने भन्दै उनले गाडी जुन कार्यालयको हो त्यस कार्यालयका सम्बन्धित व्यक्ति नै यसमा जिम्मेवार बन्नुपर्ने बताए। 'यो कानुन विपरीतको काम हो,' उनले भने, 'यसमा सम्बन्धित कार्यालय र व्यक्ति नै बढी जिम्मेवार हुनुपर्ने हो।'

# सधैँ अशान्त कोसी प्रदेश : पेचिलो बन्यो पहिचानको मुद्दा

**कुमार लुइँटेल**

विराटनगर, २८ माघ। ताप्लेजुङको पाथीभरा (मुकुम्लुङ)मा निर्माणाधीन केबलकारको विषयमा उत्पन्न विवादबारे संघीय सरकारसँग भएको वार्ता सार्थक नभएपछि आन्दोलनरत पक्षले पुनः आन्दोलन घोषणा गरेको छ। केबलकारको विरोध गर्दै आएका मुकुम्लुङ ताङ्सेःप चुम्भो सम्बद्ध ११ संस्था र १० वटा अन्तर्दलीय राजनीतिक पार्टीले संयुक्त रूपमा आन्दोलनको घोषणा गरेका हुन्। पत्रकार सम्मेलनमार्फत आन्दोलनरत पक्षले सरकार गम्भीर नभएको आरोप लगाउँदै पाथीभराको केबलकार निर्माणको विषयलाई 'पहिचान र संस्कृतिमाथिको धावा'को संज्ञा दिएका छन्। यद्यपि वार्ताको माध्यमबाट सहज निकासका लागि आफूहरू सधैँ खुला रहेको आन्दोलनरत पक्षको भनाइ छ।

घोषित कार्यक्रमअनुसार मुक्कुमलुङ बचाऔँ पदयात्रा गर्ने, केबलकारको अनुमति तथा सम्झौता खारेजीका लागि दबाब दिन फुङलिङ नगरपालिकाको कार्यालय घेराउ, केबलकार निर्माण सामग्री ढुवानी नगर्न आग्रह गर्ने, काठमाडौं, इटहरी र बिर्तामोडमा विरोधसभा गर्नेलगायत कार्यक्रम तय गरिएका छन्। केबलकार निर्माणसम्बन्धी सम्झौता खारेजीका लागि दबाब दिन कोसी प्रदेशका सबै जिल्ला प्रशासन कार्यालयमार्फत ज्ञापनपत्र बुझाउने, प्रदर्शन गर्ने, त्यसपछि अनिश्चितकालीन यातायात बन्द र आमहड्ताल गर्ने जनाइएको छ। कोसी प्रदेशमा पहिचानसँग सम्बन्धित आन्दोलन र विरोधका कारण संघीयतापछि समेत बन्द, हड्ताल, चक्काजाम र प्रदर्शन जारी नै छ। यसले कोसी प्रदेश अशान्त छ।

पहिचानको मुद्दा पछिल्लोपटक पाथीभरा केबलकार निर्माणमा जोडिन पुगेको भए पनि यसको शृंखला भने तत्कालीन प्रदेश नं १ को नामकरणअघि नै सुरु भएको थियो। यसक्रममा दर्जनौँपटक कोसी बन्द, प्रदेशसभा र मुख्यमन्त्री कार्यालय घेराउ तथा प्रदेश राजधानी विराटनगरसहित अन्य जिल्लामा विरोधका कार्यक्रम गरिएका छन्। यसले कोसी प्रदेश अशान्त बन्दै गएको छ। केबलकार निर्माण गरी मुन्धुम संस्कृतिमाथि नै धावा बोलिएको आन्दोलनरत पक्षको दाबी छ।

**नामकरणको झमेला**

पछिल्लोपटक एमालेका हिक्मत कार्की नेतृत्वको कोसी सरकारले पहिचानवादी पक्षधरलाई पुनः नामकरणको सन्दर्भमा वार्तामा बोलाए पनि उनीहरूले त्यसलाई ठाडै अस्वीकार गरिदिए। प्रदेश सरकारले वार्ता टोली संयोजक बनाएका रामबहादुर मगरको नेतृत्वमै प्रश्न उठाउँदै उनीहरू वार्तामा आएनन्। नामकरणका बेला नेकपा एमालेको तर्फबाट प्रदेशसभामा प्रस्तावकलाई सरकारी वार्ता टोलीको संयोजक बनाएकोमा पहिचानवादी ऋुद्ध छन्। 'पहिचान विरोधी'लाई संयोजक तोकेको भन्दै 'कुनै वार्ता नगर्ने' सन्देश पहिचानवादीले दिएपछि यो विषय अहिले त्यसै सेलाएको छ। पहिचानको मुद्दा ओझेलमा पार्ने कामको नेतृत्व गर्ने नेताको उपस्थितिमा वार्ता गर्न नसकिने प्रदेश नं १ पुनः नामांकन समितिका संयोजक डकेन्द्रसिंह थेगिमले बताएका छन्।

नामको विषयमा अहिले पनि आफूहरू आन्दोलनमै रहेको बताउँदै उनले भने,"नामकरणको विषय थाती नै छ। अहिले हामी मुकुम्लुङको समस्यातर्फ केन्द्रित छौँ। दुवै समाधान गर्न आन्दोलनमै छौँ। तर, सरकारको रवैया पेलेर जाने भन्ने देखिन्छ।" उनले पुनः नामकरणको विषयबाट आफूहरू पछि नहटेको बरु मुकुम्लुङ आन्दोलनले थप बल दिएको सुनाए। "नामको विषयमा अब मुख्यमन्त्रीसँग मात्र वार्ता गर्छौं, यो म्याद नजाने विषय हो, अहिले भने हामी पाथीभरातर्फ नै अधिक केन्द्रित छौँ," उनले सुनाए। कोसी प्रदेशसभाबाट दुईतिहाइभन्दा बढी मतसहित पारित भएको कोसी नामको पक्षमा मतदान गरेका दुई ठूला दलले समेत आफ्नो विचार परिवर्तन गरिसकेका छन्। नेकपा माओवादी केन्द्र पहिचानको पक्षमा उभिएको छ। यसैगरी कांग्रेसका १४ जिल्लाका सभापतिले समेत संयुक्त विज्ञप्तिमार्फत आफूहरू पहिचानविरोधी नभएको जनाउ दिइसकेका छन्। तर, प्रदेशसभाको चालु अधिवेशनमा नामकरणबारे चर्चा र छलफल भएको छैन। पाथीभरा केबलकारको विषय भने हरेकजसो बैठकमा उठ्ने गरेका छन्।

**मुकुम्लुङमा के भइरहेको छ ?**

पाथीभरामा केबलकार निर्माण सुरु भएपछि विरोधका क्रममा गत माघ १२ गते स्थानीय र प्रहरीबीच झडप भयो। यस क्रममा प्रहरीको गोली लागेर घाइते भएका पाँचमध्ये दुईजना काठमाडौंमा उपचाररत छन्। धरपकडमा परेकाहरूलाई सरकारले विनासर्त रिहा गरिसकेको छ। माघ १२ विरोधमा आन्दोलनरत पक्षले कोसी प्रदेशमा आमहड्ताल गऱ्यो। यसबाट अरुण नदीपूर्वका जिल्लाको जनजीवन प्रभावित बन्यो। सरकारले वार्ता टोली गठन गरेपछि दुई चरणमा वार्ता भयो, तर सार्थक हुन सकेन। पाथीभरा केबलकार खारेजीको माग गर्दै संघर्षरत समितिका खगेन्द्र फेम्बू केबलकार परियोजनाले मुन्धुम संस्कृतिमाथि अतिक्रमण भएको र व्यापार गर्नकै लागि केबलकार बन्न नदिने बताउँछन्। भन्छन्, "स्थानीयले विरोध गर्दागर्दै जर्बजस्ती गर्न खोजिएको छ। यो हामीलाई मान्य छैन।" प्राकृतिक रूपमा मनोरम र स्थानीयले सदियौँदेखि संरक्षण गरेको क्षेत्रमा अतिक्रमण सह्य नहुने र आगामी दिनमा थप कडा संघर्ष गर्ने उनले सुनाए।

मुकुम्लुङको विषय जनजातिको सांस्कृतिक धरोहर र पहिचानसँग जोडिएको विषयमा प्रदेशसभामा समेत जोडदार ढंगले छलफल उठिरहेको छ। नेकपा एकीकृत समाजवादी कोसी संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री राजेन्द्र राई यो मुद्दा सांस्कृतिक र पहिचानको भएको बताउँछन्। "कसैको संस्कृति र पहिचान नै नामेट गर्नेगरी भएको निर्माण कार्यले द्वन्द्व बढाएर लग्छ," उनी भन्छन्, "हामी कोही पनि विकासविरोधी होइनौँ, तर विकास ल्याइँदा त्यसले त्यहाँका समुदायलाई कस्तो दूरगामी प्रभाव पार्छ भन्ने हेक्का राखिनुपर्छ।" राईले सभाको बैठकमा विशेष समयमा बोल्दै मुकुम्लुङको विषयमा खेलबाड नगर्न सरकारलाई सचेत गराएका थिए। नेपाली कांग्रेसका सांसद विनोद वान्तवाले पनि ताप्लेजुङमा उठेको आन्दोलनलाई सरकारले गम्भीर रूपमा हेर्नुपर्ने बताएका छन्। यस विषयमा प्रदेश सरकार त अझ धेरै चनाखो हुनुपर्ने भन्दै उनले स्थानीयको मागलाई सम्बोधन गरेर मात्र विकासका कार्य अघि बढाउनुपर्ने सुझाव दिएका छन्। "यस विषयमा प्रदेश सरकारले पनि समन्वय गरेर अघि बढ्नुपर्छ," वान्तावाले भने।

पुनः नामांकन समितिका संयोजक थेगिमले बताएअनुसार सरकारले काम रोक्ने भनेर पनि रातिराति काम गरिरहेको छ। "एकातिर हामीसँग वार्ता गरेजस्तो गर्ने र अर्कोतिर रातिराति सुरक्षाकर्मी राखेर निर्माण कार्य अघि बढाउने काम भएको छ," उनले भने, "सरकार जोरजर्बजस्ती गरेर जसरी पनि केबलकार निर्माण गर्ने योजनामा रहेको देखिन्छ।" कोसी नामकरण र मुकुम्लुङ आन्दोलनलाई अवतरण गराउन सरकार सहज ढंगले अघि बढ्नुपर्ने उनको सुझाव छ।

## गोलबजारमा ...

योजनाको प्रभावकारी कार्यान्वयनका लागि सहकार्य गर्न आग्रह गरे। उनले भने, "स्थानीय विकासका योजनाहरूमा सबै पक्षको सहभागिता आवश्यक छ। नगरपालिकाले पारदर्शिता कायम गर्दै राम्रो काम गर्न सबैको जिम्मेवारी हो।" अनुगमनका क्रममा नगरपालिकाका अन्य अधिकारीहरू, उपभोक्ता समिति तथा स्थानीय बासिन्दाहरूको उपस्थिति रहेको थियो। स्थानीयहरूले विकास योजनाको अनुगमनलाई सकारात्मक रूपमा लिँदै आगामी दिनमा समेत यस्ता कार्यक्रम निरन्तर हुनुपर्नेमा जोड दिए।

## सार्वजनिक...

अभिवृद्धि गर्ने, आन्तरिक उत्पादनमा लगानी बढाउने, उद्योगमा लगानी गर्ने वातावरण सिर्जना गर्ने लगायतका सबै कुरा जोडिएको हुँदा यो निर्देशिकाको महत्त्व बढी छ।

# मुख्यमन्त्रीले चाबी बुझाउन निर्देशन दिएपछि जनकपुरका अवैध अस्पताल संगठित



जनकपुर, २८ माघ। मधेश प्रदेशका मुख्यमन्त्री सतिश सिंह आफैं उपस्थित भई कारबाही थालेपछि जनकपुरमा अवैध रुपमा सञ्चालित निजी अस्पताल सञ्चालकहरु संगठित भएका छन्। उनीहरुले मुख्यमन्त्रीको कदमविरुद्ध आन्दोलनको तयारी समेत गरेका छन्। शनिबार मुख्यमन्त्री सिंहले २० वटा अस्पतालमा छड्के अनुगमन गर्दा अधिकांश मापदण्ड विपरीत चलेको पाइएको थियो। दर्ता नै नगरी मापदण्ड विपरीत सञ्चालित अस्पताललाई कारबाहीको दायरामा ल्याउन निर्देशन दिएका थिए। छड्के अनुगमनपछि मुख्यमन्त्री सिंहले दर्ता नरहेका अस्पताल तत्काल बन्द गरी आइतबारसम्म साँचो बुझाउन र बाँकीलाई आवश्यक मापदण्ड पूरा गरी स्वीकृति लिएर मात्र चलाउन निर्देशन दिएका थिए।

दर्ता नगरी सञ्चालित मुस्कान अस्पताल, अरमान हस्पिटल प्रालि, जनकपुर सीता हस्पिटल प्रालि र बीएन हस्पिटल एन्ड रिसर्च सेन्टर प्रालिले आफैँ ताला लगाएर सरकारलाई साँचो बुझाइसकेका छन्। कतिपय सञ्चालकले मधेश सरकारको कदमपछि संगठित रुपमै आन्दोलनको तयारी गरेका हुन्। आइतबार साँझ अवैध अस्पताल सञ्चालकहरुको भेला बसी 'प्राइभेट हस्पिटल एसोसिएसन, जनकपुरधाम' नामक संगठन नै बनाएका छन्। सुरक्षा अस्पतालका सञ्चालक डा. सरोजकुमार ठाकुरको अध्यक्षतामा २५ सदस्सीय एसोसिएसन गठन गरिएको छ। एसोसिएसनको उपाध्यक्षमा रामभरोस महतो, सचिवमा आविद हुसेन, कोषाध्यक्षमा सञ्जय मण्डल, सहसचिवमा डा. शुभाषचन्द्र यादव रहेका छन्।

मधेश सरकारलाई ज्ञापनपत्र बुझाउने, पत्रकार सम्मेलन गरी यथार्थ बाहिर ल्याउने, निजी अस्पतालहरुलाई नचाहिँदै आरोप लगाइएको भन्दै संर्घषका कार्यक्रम गर्ने एसोसिएसनको योजना छ। कागजात खोज्न र अनुसन्धान गर्न छुट्टै निकाय रहे पनि नियोजित रुपमा मुख्यमन्त्री सिंहले आफैं छड्के अनुगमन गरी सबै अस्पताललाई नै अवैध देखाउने प्रयास गरेको उनीहरुको ठहर छ। यसले संगठित भएर सरकारविरुद्ध अघि बढ्ने योजना बनेको समितिका एक पदाधिकारीले बताए। समितिको अध्यक्ष बनेका डा. सरोजकुमार ठाकुर जनकपुरको रामानन्दचोकस्थित सुरक्षा अस्पतालका सञ्चालक हुन्। २०७८ मा स्वास्थ्य निर्देशनालय मधेश प्रदेशमा २५ शय्याको दर्तामा देखिएको उक्त अस्पतालको हालसम्म नवीकरण भएको छैन। उक्त अस्पतालमा पाठेघरको शल्यक्रियामा भएको लापरबाहीका कारण ३ साउन २०८० मा जनकपुरधाम उपमहानगरपालिका–१६ कपिलेश्वरकी ३६ वर्षीया सोनिया साहको दुई दिनपछि मृत्यु भएको थियो। जुन घटना ११ लाख रुपैयाँ लेनदेन गरी मिलापत्र गरी ढाकछोप गरिएको थियो।

# अध्यादेशबारे उपेन्द्र–बिँड मात्रै तातेर हुँदैन

काठमाडौं, २८ माघ। जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले अध्यादेशबारे निर्णय लिनका लागि पहिला सम्बन्धित पक्षबाट चासो हुनुपर्ने बताएका छन्। बिहीबार संसद् भवन परिसरमा सञ्चारकर्मीसँग कुराकानी गर्ने क्रममा उनले आफूहरूले समयमै अध्यादेशबारे निर्णय लिने जिकिर गरे। 'हामी समयमा निर्णय गर्ने हो। सरकारले नै कार्यसूचीबाट हटाइसकेपछि तात्ने तातेन भने बिँड तताएर के हुन्छ ?,' उनले सञ्चारकर्मीको प्रश्नको जवाफमा भने। उनले यही प्रसंगलाई अझै प्रष्ट पार्दै भने, 'ट्रेन आएपछि नै सिग्नल दिने हो। हरियो झण्डा ट्रेन आउने बेलामा मात्रै देखाइन्छ।' सरकारले हिउँदे अधिवेशन सुरु हुनुभन्दा अगाडि ल्याएका ६ वटा अध्यादेश संसद्मा निर्णयार्थ प्रस्तुत हुन सकेको छैन।

प्रतिनिधिसभामा सत्तारुढ दलको प्रष्ट बहुमत भए पनि राष्ट्रिय सभामा छैन। सोही कारण सरकारले अध्यादेश प्रस्तुत गर्न सकेको छैन। राष्ट्रिय सभामा निर्णायक देखिएको जसपा नेपालले अध्यादेशको पक्ष र विपक्षमा मतदान गर्नेबारे निर्णय लिइसकेको छैन। जसपा नेपालले अध्यादेशबारे धारणा बनाउनका लागि लागि विज्ञसँग छलफल पनि गरेको थियो। फरक प्रसंगमा यादवले अहिलेको सरकार अरुको पार्टी फुटाउन लागेकोप्रति आपत्ति जनाए। 'मुलुक आर्थिक रुपले दलदलमा फसेको छ। मिडिया नियन्त्रणको विधेयक आउँदैछ।

–बाँकी अन्तिम पेजमा

# हाम्रो प्यारो लहानले विश्व भूमण्डलमा अलग विशेषता राख्दछ



अशोक महतो

प्रत्येक विहानीको सूर्य यस सुन्दर नगरीमा जव प्रभाव छोड्छ !
कणकणमा जीवनको प्रेरणा सहित विरहरु जाग्दछ ,
राणाकालिन, पञ्चायतका क्रुरतालाई जसले ढाल्दछ !
देशले जव प्रजातन्त्रको सुखद अनुभती गर्दछ,
लहानले काँधमा शिक्षा र व्यापारको जिम्मेवारी बोक्दछ !
जनयुद्धको नाममा जव धनयुद्धको विगुल फुकिन्छ,
अनेकन लहानबासीको अपहरण, बैंक लुट्ने कार्य यहाँ हुन्छ !
जहाँ जन्मिए रामलक्ष्मण, सरिता, शालिग्राम, रमेश जस्ता विर,
विश्वसामु जसले नेपालको ऊँचा गर्यो शिर !
जनआन्दोलनको पहिलो वलिदान लहानले नै दिन्छ,
साईकल चढ्न गाह्रो हुनेले, पजेरो चढी हिँड्छ !
लहानले जन्माउँछ उपप्रधानमन्त्री उपेन्द्र,
भन्ने गर्छ जसले आफूलाई मधेशको हूँ ईन्द्र !
साईकल त कहिले छुटे, मधेशलाई लुट्नसम्म लुटे,
भ्रष्टाचार पनि कति, आफ्नै पेट फूटे !
यहि धरातल टेकी पुनः जन्मिए सिके,
सिंहदरबार पुग्दा पुग्दै कतिमा हो विके !
सहिदलाई भजाएर स्वार्थको रोटी सेके,
पिडित परिवारलाई जिस्काएर एउटा हात्ती फ्याके !
वैंक लुटिए, सैकडौं कार्यालय टुटे, वस गाडी जले,
राष्ट्रपत्ति बन्नेसम्मले लहानलाई नै छले !
महिमा मण्डित गर्नेहरु घर, परिवार र स्वार्थमा मात्र चले,
के दुःख, संघर्षको बेलाको लहानवासीलाई ह्दयबाट भूले !
पचहतरबाट सत्तहतर जिल्ला, सात प्रदेश बने,
पालिका त कति हो कति मेयर उपमेयर बने !
भन्छ अशोक,सपनीमा नदेख्नेहरुले विपनीमा पाए,
जल्दा, लुटिदा, मर्दा, टुट्दा “लहानले के पाए“ ?

# व्यापक औद्योगिकीकरण गरी देशमै रोजागारी सृजना गर्न सकिन्छ : पूर्व प्रम खनाल

सिरहा, २८ माघ। पूर्व प्रधानमन्त्री झलनाथ खनालले देशलाई व्यापक औद्योगिकीकरण गरी रोजागारीको सृजना गर्न सकिने बताएका छन्। नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का नेता समेत रहेका खनालले सप्तरीको सुरुङ्गा नगरपालिका ३ लक्ष्मीपुरमा बिग इन्डस पदमनगरको शिलान्यास गर्दै कृषि, वन, पानी, खानीजन्य उद्योग संचालन गरी देशमै रोजगारी सृजनागर्न सकिने बताएका हुन्। उनले देशका मायाहुने उद्योगी व्यवसायीहरुले वेरोजगारीको समस्या समाधानसहित युवाहरुको बढ्दो विदेश पलायन रोक्न सकिने बताउँदै भने, ‘तर, त्यस दिशामा देशका माथिल्लो नेतृत्व गरिरहेकाहरुले ठीक ढंगाको योजनासहित मुलुकलाई अगाडि बढाउन सकिरहेका छैनन्। यसका काम हुन जरुरी छ।’

‘विकासको नाममा काठमाडौंको न्यूरोड र सप्तरीको चन्द्र नहर बनाएर जहाँनिया राणा शासनले एक सय चार वर्ष त्यतिकै बिताए। पंचायतले पनि विकास खासै विकास गर्न सकेनन्र पूर्व प्रधानमन्त्री खनालले भने, ‘२०६३ को जनआन्दोलनपछि नयाँ संविधान जारी भएसँगै बनेको नेकपा एमाले र नेकपा माओवादीको दुई तिहाइको सरकारसँग असाधारण अवसर भएको थियो। धेरै काम गर्ने अवसर थियो। तर, त्यो सम्भावनालाई ठीक ढंगले प्रयोग गर्ने काम हुन सकेन।’ त्यहि कारणले मुलुकलाई औद्योगिकीकरणको दिशामा लैजान नसकिएको उल्लेख गर्दै उनले त्यसका लागि गर्ने पर्ने भूमिसुधार, देशभर रहेको भूमि सम्बन्धी विवादहरुको समाधान, भूमिको वैज्ञानिक ढंगले रेखांकन, नापी, तथ्यांकहरुलाई अद्यावधिक र आधुनिक कृषिको विकास नभएको जिकिर गर। ‘सरकारले कृषकहरुको उत्पादनको बजार उपलब्धता, उचित मूल्य दिने ग्यारेण्टीसहित कृषिमा आधुनिकीकरण र यान्त्रिकीकरण गर्नुपर्छ’ उनले भने ‘त्यो काम गर्न सक्ने भनेको राज्यले मात्र हो। स्थानीय स्तरमा रोजागरीको अवसर सिर्जना गर्न उद्योग स्थापना र संचालनका लागि सरकारले विशेष नीति र कार्यक्रमसहित प्रोत्साहन गर्न सके डरलाग्दो बन्दै गएको युवाहरुको विदेश पलायन रोक्न सकिन्छ।’



विपरीत विचार, सिद्धान्त बोकेका दुई ठूला पार्टी मिलेर बनेको सरकार भनिए पनि अहिलेको सरकारसँग मुलुकको विकास र समृद्धिका लागि औद्योगिकीकरणको काम गर्ने स्पष्ट भिजन नभएको उनको आरोप थियो। ‘देशलाई कसरी औद्योगिकीकरण गर्ने, रोजागारीको समस्या समाधान गर्न सरकारसँग कुनै योजना नै छैन’ उनले भने। उनले यस्ता उद्योग व्यवासयले देश समृद्ध बनाउन महत्वपूर्ण योगदान रहने बताए। उनले भने, ‘यो स्तरको ४ सय व्यवसायीले लगानीगर्न सक्ने अवस्था आए देश चाडै समृद्धहुने विश्वास व्यक्त गरे। हाइड्रोपावर व्यवसायी रहेका स्थानीय बीरेन्द्रबहादुर न्यौपानेले आफ्ना हजूरबा पदमबहादुर न्यौपानेले सामाजिक क्षेत्रमा पुर्याएको योगदानलाई चिरस्थायी बनाउन बिग इन्डस पदमनगरमा छ उद्योग स्थापना गर्न लागेको सुनाए।

‘म र आफ्नो परिवारका लागि धेरै गरें, कमाएँ पनि, हरेक पटक गाउँ आउँदा स्थानीय बुढापाकाले आफ्नो जन्मथलोका लागि पनि कुनै काम गरिदिनु पर्यो भन्नु हुन्थ्यो’ शिलान्यास समारोहमा उनले भने ‘त्यसपछि गाउँमै छ उद्योग स्थापना र संचालन गर्ने योजना बनाएर थालनी गर्दैछु।’ उनका अनुसार आँप, फर्सी, तरबुजको जुस बनाउन प्रयोग गरिने पल्प, दुई हजार मेट्रिक टनको कोल्ड स्टोरेज, भारतीय पेट्रोलियमसँगको सहकार्यमा लुब्रिकेन्ट्स उत्पादन गरिने छ। त्सबाहेक बिटुमिनका लागि ड्रम उत्पादन र पेन्ट, सिसा र बोतल उत्पादन र सौर्य प्लाण्टबाट तीन मेगावाट विद्युत उत्पादन गरी राष्ट्रिय ग्रिडमा जोड्ने गरी उद्योगको संरचना निर्माण र संचालन गर्न करिब दुई वर्षको समय लाग्ने उनले बताए। ‘त्यसले पाँच सय जनालाई प्रत्याक्ष र पाँच हजार परीवारलाई अप्रत्यक्ष रोजागारीको अवसर सिर्जना हुन्छ’ उनले भने।

सोही क्रममा सुरुङ्गा नगरपालिकाकी मेयर गिता चौधरीले उद्योग स्थापनापछि यस क्षेत्रको जनता प्रत्यक्षरुपमा लाभान्वित हुने भन्दै खुसी व्यक्त गरे। उनले भने, ‘यो उद्योग स्थापनाको खवरले म असाध्यै खुसी भएको छु। यसले थोरै भएपनि यसक्षेत्रका युवालाई विदेश पलायन हुनबाट रोक्ने छ। पालिकाको विकासमा योगदान पुर्याउने छ।’ उनले आफ्नो व्यक्तिगत र पालिकाको तर्फबाट उद्योग ञ्चालनमा आवश्यक सवैखालको सहयोग गर्ने प्रतिबद्धता समेत जनाए। शिल्यान्याश कार्यक्रममा लहानका उद्योग अशोक अग्रवालले असुरक्षाका कारण यहाँबाट धेरै उद्योगीहरु पलायन हुनुपरेको दुखेसो गर्दै अवको दिनमा त्यस्तो समस्या नहुने कामना गरे। साथै उनले यो असाध्यै ठूलो योजना भएको बताउँदै यसले यसक्षेत्रको नयाँ पहिचान स्थापित गर्ने बताए।

# लहानमा गाउँ ब्लक जग्गाको समस्या समाधानको माग गर्दै मसाल जुलुस प्रदर्शन

सिरहा, २८ माघ। सिरहाको लहानमा आईतवार साँझ गाउँ ब्लक जग्गाको समस्या समाधान गर्न माग गर्दै स्थानीयहरुले मसाल जुलुस प्रदर्शन गरेका छन्। सयौँको सहभागीमा दुर्गा मन्दिरबाट निकालिएको मसाल जुलुस मालपोत कार्यालय अगाडि कोणसभामा परिणत भएको छ। उनीहरुले गाउँ ब्लक जग्गाको नापी, लालपुर्जा वितरण र अध्यावधिक गर्न माग गर्दै मसाल जुलुस प्रदर्शन गरेका छन्। संघर्ष समितिका संयोजक अरुण केसीका अनुसार लहानका २४ वटै वडामा यो समस्या छ। समस्याले गर्दा हजारौं नगरवासीहरु ५० वर्षभन्दा पहिलेदेखि पीडामा परेको उनको भनाइ छ। ‘यहाँ वर्षौंदेखि बसोबास गरेका स्थानीयहरुको केही जग्गा गाउँ ब्लकमा छ। जसमा घरहरु समेत रहेका छन। केहीलाई निस्सा वितरण र लालपुर्जा पनि दिएको छ तर, अध्यावधिक नहुँदा किनबेच र बैंकमा राखेर आफ्नो काम गर्न पाएको छैन’ संयोजक केसीले भने, ‘सबै समस्या समाधान नभए सम्म हामी आन्दोलन रोक्दैनौँ।’ करिब ७ हजार बढीको जग्गा पनि नापी नभएको संयोजक केसीले बताए।

मालपोत र नापी कार्यालयको ढिलासुस्तीले गर्दा अहिले सम्म यो समाधान हुन नसकेको कांग्रेस लहान नगर सभापति संजय यादवको भनाइ छ। हामी सबै पार्टीका राजनीति दलले जनताको जग्गाको समस्या समाधानका लागि आन्दोलनलाई समर्थन गरेको उनले बताए। आफ्नो वडाको केही मानिसहरुको गाउँ ब्लक जग्गामा घर हुदाँ उहाँहरु पीडामा देखेर आफु पनि आन्दोलनमा समर्थन गरेको लहान–६ का वडा अध्यक्ष रमेश गौतले बताए। ‘गाउँ ब्लक जग्गा फुकुवा नहुदाँ नगरवासी समस्यामा छन्। हामीले पटक पटक पहल गर्दा पनि दुर्त गतिमा काम नभएर समाधान हुन पाएको छैन’ लहान नगरपालिकाका नगरप्रमुख महेश चौधरीले भने, ‘नगरबाट हुने सबै कामका लागि सहयोग गर्न तयार छौं। मालपोत र नापी कार्यालयले यसमा ध्यान पुर्याउनुपर्छ।’ यो समस्या समाधान गर्न सबै पक्ष लाग्नुपर्ने उनको भनाइ छ।

# सर्लाहीका ४७ जना उखु किसान सम्मानित

सर्लाही, २८ माघ। सर्लाहीको इन्दु शंकर चिनी उद्योगले आधुनिक विधि र प्रविधिको प्रयोगसहित उन्नत जातका उखु उत्पादन गरेका ४७ जना उखु किसानलाई सम्मान गरेको छ। उद्योगका महाप्रबन्धक योग नारायण रजकका अनुसार उखु उत्पादनमा किसानलाई प्रोत्साहन गर्ने उद्देश्यले उनीहरुलाई सम्मान गरिएको हो। सम्मानित किसान नगरपालिका–९, विष्णुपुर निवासी उखु किसान पवनदेवी शर्माले उद्योगबाट प्राप्त बीउको प्रयोगबाट उखु उत्पादन बढेको तथा आधुनिक प्रविधिको प्रयोगबाट लागत घट्नुका साथै प्रतिकट्ठा ५० क्वीन्टलसम्म उत्पादन बढेको बताए। विगतमा प्रति कट्ठा २० क्वीन्टल उत्पादन गर्न नसकेको खेतमा अहिले ६० क्वीन्टलसम्म उखु फलाएको अर्का किसान माधव थापाले बताए। नगरपालिकाले उद्योगसँग मिलेर उखु किसानको लागि सिँचाइ, प्रविधि र उन्नत बीउविजन उपलब्ध गराउने योजनामा रहेको हरिवन नगरपालिकाका मेयर रमेश बुढाथोकीले जानकारी दिनुभयो। सर्लाहीको हरिवनमा इन्दुशंकर, धन्कौलमा अन्नपूर्ण र गोडैतामा महालक्ष्मी चिनी उद्योग सञ्चालनमा छन्।



# भ्रष्टाचार नियन्त्रण गर्न कर्मचारीको तलब भत्ता बढाउनुपर्छ : मुख्यमन्त्री सिंह

जनकपुर, २८ माघ। मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले भ्रष्टचार नियन्त्रण गर्न कर्मचारीको तलब सुविधा बढाउनुपर्ने बताएका छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३४औं वार्षिकोत्सवको अवसरमा यहाँ आयोजित कार्यक्रममा मुख्यमन्त्री सिंहले भ्रष्टचार नियन्त्रण गर्न सम्बन्धित निकायले कडाइका साथ लाग्नुपर्ने बताएका हुन्। सदाचार, निष्पक्षता र निर्भीकताका साथै भ्रष्टचार नियन्त्रणमा सबैले भूमिका खेल्नुपर्ने उनको भनाई थियो। मुख्यमन्त्री सिंहले शिक्षा, स्वास्थ्य, उद्योग, खानेपानी लगायत प्रत्येक क्षेत्रमा भ्रष्टचार व्याप्त रहेको र दर्ता नभएकाले राजस्व छल्ने काम गरेकाले ती निकायलाई सरकारको करको दायरामा ल्याउनुपर्ने उल्लेख गरे। मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डलले भ्रष्टचार नियन्त्रणसम्बन्धी कानुन फितलो भएकाले मुलुकमा भ्रष्टाचार बढेको बताए। महँगी अनुसार कर्मचारीको तलबभत्ता नबढाएसम्म भ्रष्टाचार नियन्त्रण नहुने उनको भनाइ थियो।जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डलले भ्रष्टाचार नियन्त्रणका लागि सामूहिक प्रतिबद्धताको खाँचो रहेको बताए। अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिवासका प्रमुख रामबहादुर कुरुवाङले भ्रष्टाचार नियन्त्रणको सन्दर्भमा आफ्नो कार्यालयले उल्लेखनीय रूपमा आर्थिक अनियमिततासम्बन्धी मुद्दाको फछ्र्यौट गरेको जानकारी दिए।

## अध्यादेशबारे ...

अन्तर्राष्ट्रिय शक्तिले पत्याउन छाडे। शिक्षा, स्वास्थ्य धरासायी भयो,’ उनले भने, ‘युवा पिँढीले अब यो मुलुकमा कुनै भविष्य छैन भनेर लाइन लागिसके। यसको समाधानमा दिमाग लगाए हुने नि। अर्काको पार्टी फुटाउन किन लाग्ने ?’

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक**
**कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)